नाम:- लाल बहादुर विष्ट
पद:- गा.पा. अध्यक्ष
पृष्ठ सं:- ४
हस्ताक्षर:-

लाल बहादुर विष्ट
अध्यक्ष

# तलकोट गाउँपालिकाको

कार्यपालिकाको
तलकोट,
७ नं. प्रदेश, नेपाल

## आर्थिक वर्ष २०७४/७५ को

## आय व्ययको बिबरण

आदरणिय गाउँसभाका सदस्य ज्युहरु,कर्मचारीहरु उपस्थित महानुभावहरु,

समृद्ध र समाबेशि तलकोट गाउँपालिका बनाउनका लागि आदरणिय जनसमुदायले निर्वाचनको माध्यमबाट हामीलाई निर्वाचित गरेको पहिलो गाउँसभाको बैठकमा वार्षिक आय व्ययको अनुमान प्रस्तुत गर्न पाउँदा खुसि लागेको छ। यो ऐतिहासिक अबसरमा ज्ञात अज्ञात महान सहिदलाई स्मरण गर्दे आदरणिय जनसमुदायलाई आभार प्रकट गर्न चाहन्छु। वजेट निर्माणमा सहयोग गर्नुहुने सम्पुर्ण गाउँ सभाका पदाधिकारीहरु तथा कर्मचारी मित्रहरु प्रति कृतज्ञ छु।

बजेट तर्जुमाका आधारहरु

वजेट निर्माण गर्दा नेपालको संबिधानको,अनुसुचि ८ मा उल्लेखित स्थानिय तहको अधिकारको सुचि र अनुसुचि ९ मा भएको संघ र प्रदेशको अधिकार सुचि ,नेपालको संबिधानमा उल्लेखित मौलिक हकहरु ,नेपाल सरकारबाट स्विकृत संघ प्रदेश र स्थानिय तहको कार्य विस्तृतिकरणका बिषयहरु,विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक समाबेशिकरण,समाबेशिता,लैंगिक सशक्तिकरण बालमैत्रि स्थानिय शासन, विपद् व्यबस्थापन, जलबायु परिवर्तनका समसामयिक विषयहरु आदि। नेपालको संबिधान भाग १९ को आर्थिक कार्यप्रणलि,स्थानिय तह सञ्चालन सम्बन्धि कार्यकारी आदेशहरु, स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन ,२०७४ ,त्रिवर्षिय योजनाका मार्गदर्शन र सम्बन्धित निकायबाट प्राप्त मार्गदर्शनहरु ,निर्वाचनका क्रममा तलकोटबासिका माझमा गरेका प्रतिबद्धताहरु,वस्ति तथा वडा स्तरमा नागरिकले व्यक्त गरेका मागहरु

कुल आन्तरिक राजश्व रु ७ लाख उठाउने लक्ष्य राखेको छु , सरकारी बित्तिय हस्तान्तरणबाट प्राप्त जम्मा २० करोड २४ लाख ४९ हजार , गत वर्षको मौज्दात रकम ५५ लाख १९ हजार एक सय तेइस तथा सामाजिक सुरक्षा भत्ता बापत आउने करिव ३ करोड गरि जम्मा २३ करोड ८६ लाख ६८ हजार एक सय तेइस यो वर्षको कुल आय हुने अनुमान गरेको छु। ५ लाखको योजना पार्न पनि जिल्ला देखि केन्द्र सम्म धाउन पर्ने हामीहरु आज लाखौ लाखका ओजनाहरु आफैं तर्जुमा गरि वजेट विनियोजन गर्ने भएका छौ। यो नै संघिय लोकतान्त्रिक गणतन्त्रले दिएको महत्वपुर्ण उपलब्धि हो भन्ने मैले ठानेको छु।

व्यय तर्फ शशर्त अनुदान (शिक्षा,स्वास्थ्य,कृषि र पशु) रु ६ करोड ३३ लाख ६८ हजार विनियोजन गरेको छु भने वित्तिय समानिकरण अनुदान तर्फको रु १३ करोड ९० लाख ८१ हजार ,राजश्वको अनुमानित लक्ष्य ७ लाख तथा गत वर्षको मौज्दात रकम रु ५५ लाख १९ हजार एक सय तेइस गरि जम्मा रु १४ करोड ५३ लाख एक सय बिसको करिव २५ प्रतिशत रकम रु ३ करोड ६३ लाख २५ हजार ३० चालु खर्चमा बिनियोजन गरेको छु। त्यसै गरि कृषि र पशु क्षेत्रको व्यबसायिकरण विविधिकरण तथा आधुनिकिकरण नगरि जनताको जिवनस्तरमा परिवर्तन ल्याउन नसकिने यथार्थलाई बोध गर्दै रु ४४ लाख ८५ हजार कृषि तथा पशु तर्फ बिनियाजन गरेको छु। सामाजिक सुरक्षा भत्ताका लागि छुट्ठाइएको रु ३ करोड वजेटलाई बास्तविक र लक्षित वर्गमाझ पुर्याउन जनप्रतिनिधिलाई

लाल बहादुर बिष्ट
अध्यक्ष
कार्यपालिकाको कार्यालय
तलकोट, बझाङ
७ नं. प्रदेश, नेपाल

जिम्मेबार बनाउने छु । यसरि हेर्दा कुल बजेटको करिव रु १३ करोड ४१ लाख ७८ हजार तिस) ५६.२० प्रतिशत रकम चालु खर्चमा विनियोजन गरेको छु ।

यसैगरि पुजिँगत तर्फ गाउँपालिका तथा वडा कार्यालयका लागि जग्गा तथा भवन निर्माणका लागि रु १ करोड विनियोजन गरेको छु । तलकोट बासिलाई स्वास्थ्य उपचारमा सहजता र सरलता ल्याउन तथा जिल्ला र केन्द्रसम्म पहुँच स्थापित गर्न एक्बुलेन्स खरिदका लागि रु १५ लाख वजेट छुट्टाएको छु । गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयलाई व्यबस्थित बनाउन,आधुनिक र बैज्ञानिक तबरबाट छिटो छरितो सेवा बितरण गर्न आवश्यक पर्ने मेशिनरी औजार, फर्निचर तथा फिक्चर्समा रु ४५ लाख वजेट विनियोजन गरेको छु । विगतमा निर्माण सम्पन्न भै सकेका पुर्वाधारहरु जसलाई मर्मत सम्भार तथा सुधार नगरि संचालनमा ल्याउन नसकिने अवस्थामा रहेका कार्यालयका भवनहरु,सडकहरु तथा लघु बिद्युत आयोजनाहरुका लागि रु ५० लाख वजेट विनियोजन गरेको छु । तलकोट गाउँपालिकामा भएका प्राकृतिक श्रोत साधन ,खनिज, पर्यटकिय स्थल धार्मिक ऐतिहासीक र पुरातात्विक महत्वका क्षेत्रको अध्ययन तथा अनुसन्धान गर्नका लागि रु ४ लाख छुट्टाएको छु । गाउँपालिका तथा वडा कार्यालयबाट प्रवाह हुने सेवा लाई चुस्त ,दुरुस्त ,आधुनिक,वैज्ञानिक छिटो छरितो बनाउनका लागि आवश्यक पर्ने सफ्टवेयर खरिद तथा निर्माणका लागि रु ६ लाख विनियोजन गरेको छु । समाबेशि तथा सन्तुलित बिकास बिना समग्र तलकोट गाउँपालिकाको बिकास हुन नसक्ने विषयलाई हृदयगम गर्दै तलकोट गाउँपालिकाका सबै ७ वटा वडा कार्यालयका लागि रु ४ करोड ५५ लाख रुपिया विनियोजन गरेको छु ।

तलकोट गाउँपालिकालाई समृद्ध,समुन्नत वनाउन र सडक सञ्जाल सँग आबद्ध गराउन गाउँपालिकाक महत्वपुर्ण योजनाहरु जस्तै छडाखेत मालिका सडक निर्माणका लागि रु ५० लाख ,खौलादेखि लोकण्ड सम्म सडक निर्माणका लागि रु २५ लाख ,डोरिपटा देखि ढुङ्गाना सडक निर्माणका लागि रु १५ लाख, तलकोट देखि गैतोलासम्म सडक निर्माणका लागि रु १० लाख ,रुपातोला देखि रामडि मष्टा मन्दिर सम्म जाने सडकलाई रु ५ लाख ,वजेट छुट्टाएको छु । यस गाउँपालिकालाई स्वदेश तथा विदेशमा समेत परिचित गराउन तलकोट गाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकिय क्षेत्र तपोवन र रामडि मष्टा मन्दिर क्षेत्रलाई बझाङ जिल्लाकै महत्वपुर्ण पर्यटकिय स्थलको रुपमा विकास गर्न कमश रु २० लाख र रु १० लाख विनियोजन गरेको छु । तलकोट गाउँपालिकाको दुर्गम बस्ति लोकण्डमा विद्युत पहूच पुर्याउन सोलार बत्ति जडानका लागि रु १० लाख,दुर्गा भवानी मा.विको फिल्ड निर्माणका लागि रु १५ लाख निलकटि प्रा.वि भवन निर्माणका लागि रु १० लाख विभिन्न सिचाई तथा खानेपानि योजनाका लागि रु ९ लाख ५० हजार वेजेट विनियोजन गरेको छु । महिला, बालबालिका अपाङ,दलित ,जेष्ठ नागरिक केन्द्रित विषेश कार्यकमका लागि रु १५ लाख ,वन भु संरक्षण जलाधार संरक्षण र प्राकृतिक प्रकोप नियन्त्रणका लागि रु ६ लाख विनियोजन गरेको छु । स्थानिय तहमा विकास कार्यलाई साझेदारी विकासको मोडेलमा लैजान गैरसरकारी संघ संस्था सँग विकास निर्माणमा समन्वय गर्नका लागि म्याचिङ फण्डका लागि रु ५० लाख छुट्टाएको छु । युवा लक्षित कार्यकम सञ्चालन गर्न रु ३ लाख तथा युवाका लागि खेल मैदान निर्माण गर्न रु २ लाख, गाउपालिकाको

लाल बहादुर बिष्ट
अध्यक्ष

बस्तुगत विबरण तयार गर्न रु ५ लाख, स्वास्थ्य संस्थालाई सुविधा सम्पन्न गराउन रु १० लाख, हाट बजार व्यबस्थापन र फलफूल तथा तरकारी पकेट क्षेत्रको रुपमा बिकास गर्न रु ९ लाख ५० हजार बजेट छुट्टाएको छु । गाउँपालिकाका पदाधिकारीलाई नेपालका विभिन्न ठाउको अवलोकन भ्रमणका लागि रु १० लाख विनियोजन गरेको छु । र विविध योजना तथा कार्यक्रमका लागि रु ९९००९० र भैपरि आउने पुजिँगत खर्चका लागि रु ७० लाख विनियोजन गरेको छु । यसरि हेर्दा कुल बजेटको ४३.७८ प्रतिशत पुजिँगत शिर्षकमा बजेट विनियोजन भएको छ । अन्तमा यस वर्ष विनियोजन गरिएका वडागत वजेट तथा कार्यक्रमहरु कनिका छरे जसरी छरिएर टुक्रे आयोजना आएका छन जसले तलकोट गाउँपालिकाको आर्थिक सामाजिक रुपान्तरण भै विकास र समृद्धिको ढोका खोल्न सहायक हुने छैनन, आगामि दिनमा त्यसलाई सुधार गर्दै विनियोजित वजेट कार्यान्वयनमा सम्पुर्ण पदाधिकारी ,कर्मचारी र सम्पुर्ण तलकोटबासिले सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा सहित वजेट निर्माणमा सहयोग गर्ने सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु । धन्यावाद ॥

लाल बहादुर विष्ट
अध्यक्ष